भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

# मिट मार्ट स्थापना कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/११ मा स्वीकृत)

उपभोक्तालाई स्वच्छ र गुणस्तरीय मासु तथा मासुजन्य पर्दाथहरु एकै स्थानबाट उपलब्ध गराउन गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी मिट मार्ट स्थापना तथा सुधार सम्बन्धी कार्यक्रम संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

## १. आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :

### १.१ आवेदकको योग्यता :

क) आवेदक फर्म, समूह, समिति वा सहकारी हुनुपर्नेछ।

ख) कम्तिमा २ वर्षदेखि मासु तथा मासुजन्य खाद्य पदार्थ विक्री वितरण गरिरहेको हुनुपर्नेछ।

ग) दैनिक कम्तिमा १०० के.जी मासु तथा मासुजन्य खाद्य पर्दाथ विक्री वितरण गरिरहेको हुनुपर्नेछ।

### १.२ पेश गर्नुपर्ने कागजातहरु :

क) आवेदकले कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ग) मिट मार्ट संचालनका लागि आवेदकको आफ्नै वा एकाघरको परिवारको स्वामित्वमा भएको जग्गा हुनुपर्नेछ वा जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

## २. प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु :

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| **१** | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना, उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | **२०** |
| **१.१** | **लागत** | **५** |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा बढी भएको | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको | ३ |
| **१.२** | **रोजगारी सृजना** | **५** |
| १.२.१ | एकाघर भन्दा बाहिरको कम्तिमा थप दुई जनालाई रोजगारी दिने | ५ |
| १.२.२ | एकाघर भन्दा बाहिर रोजगारी नदिने | ३ |

| | | |
|---|---|---|
| **१.३** | **बजारीकरण** | **१०** |
| १.३.१ | दैनिक २०० किलो वा सो भन्दा बढी मासु तथा मासुजन्य खाद्य पर्दाथ विक्री वितरण गर्ने | १० |
| १.३.२ | दैनिक २०० किलो भन्दा कम मासु तथा मासुजन्य खाद्य पर्दाथ विक्री वितरण गर्ने | ६ |
| **२** | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | **१०** |
| २.१ | **पूर्वाधार** | **५** |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |
| **२.२** | **प्राविधिक उपयुक्तता** | **५** |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अबलम्बन गरेको/गर्ने | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अबलम्बन नगर्ने | ३ |
| **३** | **आवेदकको अनुभव तथा क्षमता** | **५** |
| ३.१ | ३ वर्ष वा सो भन्दा बढी | ५ |
| ३.२ | ३ वर्ष भन्दा कम | ३ |
| ४ | **अपेक्षित नतिजा र दिगोपना** | **५** |
| **५** | **अघिल्ला दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ५.१ | नलिएको | १० |
| ५.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | **५०** |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसाय :

ङ) संचालन गरिने क्रियाकलापको विवरण :

| क.सं. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कूल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

च) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, दैनिक विक्री हुने पदार्थको परिमाण, रोजगारी सृजना, आदि):

| क.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | दैनिक विक्री हुने पदार्थको परिमाण | | | | |
| | | | | | |
| | | | | | |
| इ) | रोजगारी सृजना (एकाघरको बाहेक) | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

छ) बजारीकरण (विक्री हुने मासु तथा मासुजन्य पर्दाथको स्रोत के हो तिनीहरुको विक्रीवितरण कसरी हुन्छ) बारे खुलाउने :

ज) नयाँ सोच र व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

झ) वातावरणमा पर्न सक्ने नकारात्मक असरहरु न्यूनीकरणको लागि अवलम्बन गरिने उपायहरुः

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

## ४. संचालन गर्न सकिने क्रियाकलापहरु :

क) स्वीकृत बजेटको परिधि भित्र रही बुँदा न ५ को खण्ड (क) देखी (ञ) सम्मका कार्यहरुको निर्माण वा सुधार वा सामाग्री खरीद गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

**५. न्यूनतम पूर्वाधार र शर्तहरु :** निर्माण/सुधार हुने मिट मार्टमा निम्नानुसारको पूर्वाधारहरुको व्यवस्था गर्न सकिनेछ ।

क) कम्तिमा ४०० वर्ग फिट क्षेत्रफलमा रहेको।

ख) भित्तामा ६ फिटसम्म सेतो टाइल लगाइएको र भुईमा सेतो टायल वा मार्बल लगाइएको।

ग) मिट मार्ट वातानुकुलित हुने व्यवस्था भएको।

घ) कम्तिमा २ वटा डिस्प्ले रेफ्रिजेरेटर/च्याम्बर सहित ४ वटा फ्रिज/रेफ्रिजेरेटर भएको।

ङ) पर्याप्त मात्रामा कटिङ मेसिन, स्लाइसिङ मेसिन, स्टेनलेस टेबल, चपिङ टेबल, स्टेनलेस कटिङ नाइफ सेट जस्ता उपकरण तथा औजारहरु भएको।

च) पानी ट्यांकी, पाइप फिटिङ, पानी तान्ने मोटर जडान गरी स्वच्छ पानीको व्यवस्था गरेको।

छ) आवश्यक पूर्वाधार राखी फोहर व्यवस्थापन गरेको।

ज) शौचालय, वास वेसीन भएको।

झ) बिजुलीको वैकल्पिक व्यवस्था (जेनेरेटर वा सोलार) भएको।

ञ) गुणस्तर तथा नापतौल विभागबाट प्रमाणित इलेक्ट्रिक ब्यालेन्स राखेको।

ट) विभिन्न प्रकारको पशुको मासु छुट्टा छुट्टै राखी विक्री वितरण गरेको।

ठ) प्याकेजिङ गरिएको विभिन्न किसिमको मासुलाई अलग्ग अलग्ग रेफ्रिजेरेसन गरेको।

ड) मासु टुक्राउने, प्याकेजिङ र लेबल गर्ने मेसिन छुट्टै कोठामा भएको।

ढ) काँचो र पकाएको मासुलाई भिन्दाभिन्दै क्षेत्रमा राखि विक्री गर्ने गरेको।

ण) ३ फेजको लाइन वा भोल्टेज पुग्ने व्यवस्था भएको।

त) मिट मार्ट संचालन हुने क्षेत्र भित्र पशु बध नगर्ने गरेको।

थ) मिट मार्ट संचालन महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा नगरोन्मुख बस्तीहरु तथा घना आवादी युक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरेको।